# प्रभाव दैनिक
National Daily

वर्ष १०	अंक २९	काठमाडौं	सोमबार, ८ जेठ २०८०	Prabhab National Daily	Monday, May 22, 2023	www.prabhabonline.com	पृष्ठ ८	मूल्य रू. ५।–



**गणतन्त्र दिवस, २०८०**
**भव्यरूपमा मनाऔं**

- गणतन्त्र दिवस (जेठ १५ गते)को अवसरमा विभिन्न कार्यक्रमको आयोजना गरौं ।
- लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई संस्थागत गरौं ।
- संघ, प्रदेश एवं स्थानीय सरकारबीच समन्वय र सहकार्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# संसद्मा ओली रवाफ



- नीति तथा कार्यक्रम पुनर्लेखन गर्न माग, सरकार ढाल्ने चेतावनी
- आफ्नै सरकारको काम स्मरण
- प्रधानमन्त्रीप्रति चुनौती, चेतावनी र आक्रोश
- टोपबहादुरलाई फसाउन खोजेको भन्दै असन्तुष्टि

■ **जेबी योञ्जन**

**काठमाडौं-** सरकारको नीति तथा कार्यक्रमलाई 'उद्देश्य, गन्तव्य र मार्गचित्रविहीन' भनेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली आइतबार संसद्मा सरकारविरुद्ध करिब दुई घण्टा कड्किए । हाँस्यपरक ढंगले विपक्षीमाथि तीखो प्रहार गर्ने खुबी भएका ओली संसद्मा कड्किने पूर्वानुमान नै थियो । किनभने उनले शनिबार भनिसकेका थिए, 'नीति तथा कार्यक्रम पारित हुन दिन्नौं । त्यसको सशक्त प्रतिवाद गर्छौं ।'

ओली शुक्रबार नै संसद् बैठकमा आउने भन्ने चर्चा पनि थियो । तर, आएनन् । बिरामी भएका कारण आउन नपाइएको भन्दै ओलीले आइतबार भने संसद्मा प्रधानमन्त्री पुष्पकमल दाहाललक्षित चुनौती, चेतावनी र आक्रोशको वर्षा गरे । डायरीका पानामा ल्याएका टिपोट हेर्दै ओलीले चेतावनी दिँदै भने, 'नीति तथा कार्यक्रम पुनर्लेखन गरेर ल्याउनुभएन भने छक्का हानेर रिङआउट गरिदिन्छौं ।'

यो दाहाल नेतृत्वको सरकार ढाल्ने चेतावनीयुक्त अभिव्यक्ति हो । उसो त नीति तथा कार्यक्रम यदि दुवै संसद्बाट बहुमतले पारित नभए दाहाल सरकार संकटमा फस्नेछ । तर, संसद्बाट नीति तथा कार्यक्रम पारित नहुने सम्भावना छैन । सत्तारूढ दलहरूसँग स्पष्ट बहुमत छ । त्यही भएर प्रधानमन्त्री दाहाल ओलीले छक्का हानेर रिङआउट गर्ने अभिव्यक्ति दिँदा हाँसिरहेका देखिए ।

सम्बोधनकै क्रममा ओलीले २९ असार २०७८ अघिसम्म आफू नेतृत्वको सरकारले गरेको कामको फेहरिस्त रवाफिलो पारामा सुनाउन भ्याए । प्रधानमन्त्री भएका बेला हरेक दिन पाँच/छ किलोमिटर कालोपत्रे सडक बन्ने गरेको दाबी गर्दै उनले प्रधानमन्त्री दाहाललाई एक आर्थिक वर्षमा १० किलोमिटरमात्रै कालोपत्रे सडक निर्माण गर्ने ? प्रश्न गरे ।

आफ्ना सरकारले लिएको नीति र लक्ष्य दाहाल सरकारले नसमेटेको भन्दै ओली आक्रोशित पनि भए । उनी यतिमै रोकिएनन् । धरहराको प्रसंग निकाल्दै सरकारको चर्को आलोचना गरे । 'धरहरा शानदाररूपमा उभिएको छ तर अहिले अलपत्र पारिएको छ । देशलाई ठूलो घाटा पारिएको छ,' ओलीले भने, 'यो इतिहाससँग पनि तपाईंहरूलाई शत्रुता किन भएको ? अचम्म लाग्छ ।'

२९ असार २०७८ अघिसम्म ओली प्रधानमन्त्री थिए । त्यसबेला अत्यन्तै तीव्रगतिमा देशको विकास र समृद्धि भएको दाबी गर्दै ओलीले आइतबार संसद्मा अहिलेको नीति तथा कार्यक्रमले भने एक वर्ष समयमात्रै त्यसै खेर जाने भएको टिप्पणी गरे । 'पूर्व-पश्चिम राजमार्गलाई चारदेखि छ लेनसम्म विस्तार गर्न प्रारम्भ गर्‍यौं । मध्यपहाडी पुष्पलाल मार्ग, मदन भण्डारी राजमार्ग, कोशी, गण्डकी, कर्णाली राजमार्गको निर्माण कार्य पाँच वर्षमा सपन्न गर्ने गरी तीव्र गतिमा अगाडि बढाएका थियौं । अहिले केही छैन । त्यसै यो वर्ष खेर जाने भयो,' ओलीले भने ।

ओलीले लामो सम्बोधन गर्दा केही सांसद भने हाइ काढिरहेका थिए । केही चाहिँ कानेखुसी गरिरहेका देखिन्थे ।

(बाँकी पृष्ठ २ मा)

कामपाको निःशुल्क एम्बुलेन्स

## भित्र्याउने विद्यासुन्दर, वाहवाही बालेनको !




काठमाडौं महानगरपालिकाले सञ्चालन गरेको निःशुल्क एम्बुलेन्स (बायाँ) र २०७६ वैशाखमा यो सेवा सञ्चालनका लागि सम्झौतापछि महानगरका तत्कालीन प्रमुख शाक्य ।

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** यतिखेर सामाजिक सञ्जालमा काठमाडौं महानगरपालिकाको निःशुल्क एम्बुलेन्स सेवा १०२ र महानगर प्रमुख बालेन्द्र (बालेन) साहको चर्चा छ । साह प्रमुखमा निर्वाचित भएयता विभिन्न कारण चर्चामा रहँदै आएका छन् । कहिले महानगरको बैठक लाइभ गरेर त कहिले डिस्कोथेकमा नाचेर । काठमाडौं सडक पेटीको व्यापार खाली गराउनेदेखि टुकुचा नदी खोल्नेसम्मको उनको कामलाई धेरैले प्रशंसा पनि गरे ।

सामाजिक सञ्जालमा नेताहरूलाई चोर भन्नेदेखि भ्रष्टाचारीलाई सीधै बागमतीमा चोपल्न आदेश दिएका कारण युवाहरूमाझ लोकप्रिय बालेनको कतिपय निर्णय टिकाउमा देखिँदैन । उनको जुनसुकै निर्णय आए पनि वाहवाही भने घटेको देखिन्न । अझ अरुको पालामा भएका राम्रा काम पनि बालेनले नै गरेको भन्दै प्रशंसा हुनेगर्छ ।

अहिले सामाजिक सञ्जाल र केही सञ्चारमाध्यमले बालेनको प्रशंसा गर्ने क्रममा विगतदेखि भइरहेका कार्यलाई पनि बालेनले नै थालेको भन्दै बालेनलाई वाहवाही गर्न सुरु गरेका छन् । १०२ एम्बुलेन्स सेवा अहिले निकै चर्चामा छ । कञ्चनपुरबाट मुटुको बिरामी उपचार गराउन ल्याउँदा महानगरपालिकाको आर्थिक सहयोगमा सञ्चालित एम्बुलेन्सले दिएको सेवाले बिरामीका आफन्त खुसी छन् । महानगरले गर्दै आएको नागरिक सेवा बालेन आएपछि अझ प्रभावकारी ढंगले सेवा प्रवाह भइरहेको बताइन्छ ।

जहाँसम्म (बाँकी पृष्ठ २ मा)

> निःशुल्क एम्बुलेन्स सेवा अहिले सुरू भएको होइन, कोभिडको समयमा उपत्यकाबासीहरूले उपचार गर्न जान नपाउने अवस्था देखिएपछि मेरै नेतृत्वमा निःशुल्क एम्बुलेन्स सेवा १०२ मार्फत गरेको हो ।
>
> ● **विद्यासुन्दर शाक्य**
> **पूर्वप्रमुख, कामपा**

सन्दर्भ : वैदेशिक रोजगार

## १० महिनामा ५६ करोड सहायता वितरण

■ **मोहनप्रसाद पन्त**

**काठमाडौं-** वैदेशिक रोजगार बोर्डको सचिवालयले विदेशमा अंगभंग तथा मृत्यु भएका कामदार र तिनका परिवारलाई करिब ५६ करोड रूपैयाँ आर्थिक सहायता प्रदान गरेको जनाएको छ । बोर्डले चालु आर्थिक वर्षको १० महिनामा वैदेशिक रोजगार कल्याणकारी कोषमार्फत ५५ करोड ९० लाख रूपैयाँ सहायता प्रदान गरेको हो ।

बोर्डले गत वैशाख मसान्तसम्मको अवधिमा विदेशमा विभिन्न कारणले मृत्यु भएका कामदारको परिवार वा नजिकका हकवालालाई ४८ करोड ९२ लाख र अंगभंग भई फर्केका श्रमिकलाई छ करोड ९७ लाख रूपैयाँ आर्थिक सहायता उपलब्ध गराएको उल्लेख गरेको छ । यस अवधिमा रोजगारीका लागि विदेशमा रहेका ९६१ जना कामदारको मृत्यु र २२० जना अंगभंग भएको बताइएको छ । विभिन्न कारणले अंगभंग र मृत्यु भएका एक हजार १८१




नेपाली कामदारमध्ये एक हजार १११ जनालाई कल्याणकारी कोषबाट आर्थिक सहायता उपलब्ध गराएको बोर्डका निर्देशक एवं सूचना अधिकारी राजन पौडेलले बताए । कोभिड संक्रमणअघिको तुलनामा वैदेशिक रोजगारीका क्रममा मृत्यु भई सरकारबाट आर्थिक सहायता लिने कामदारको संख्या बढेको उनले जानकारी दिए ।

सरकारले बिदामा नेपाल फर्किएर मृत्यु भएका कामदार र पुराना मृतकका परिवारलाईसमेत आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरेको कारण पनि मृतकको संख्या र सहायता रकम बढेको पौडेलले बताए । सरकारले दुई वर्षअघि श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा रहेका कामदारको स्वदेश वा विदेशमा जहाँ मृत्यु भए पनि उनीहरूको परिवारलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरेको थियो । त्यही कारण गत वर्षको सोही अवधिको तुलनामा मृतक र सहायता रकममा बढेको बोर्डले जनाएको छ ।

सरकारले आर्थिक सहायता वितरणको दायरा फराकिलो बनाएसँगै वैदेशिक रोजगारीमा गई मृत्यु, अंगभंग, गम्भीर बिरामीको उपचार, अलपत्र परेकाहरूको उद्धार र शव ढुवानीमा हुने दायित्वसमेत बढ्दै गएको छ । गत आर्थिक वर्ष २०७८/७९ मा ५० करोड रूपैयाँमात्रै आर्थिक सहायताका उपलब्ध गराइएको बोर्डले जनाएको छ । यसरी परिस्थितिजन्य अवस्थामा परी अंगभंग, गम्भीर बिरामी र मृत्यु हुने कामदार र तिनका परिवारलाई हाल उपलब्ध गराउँदै आएको आर्थिक सहायता रकम अपुग रहेको भन्दै वृद्धि गर्न बोर्डले आवश्यक गृहकार्य गरिरहेको छ ।

यस्तै वैदेशिक रोजगारीमा गएका नेपालीहरूको मृत्युका कारण प्राकृतिक, गम्भीर बिरामी, कोभिड-१९, सडक दुर्घटना, आत्महत्या, हृदयघात, कार्यस्थलमा हुने दुर्घटनालाई मानिएको बोर्डले जनाएको छ । १० महिनाको अवधिमा सबैभन्दा बढी नेपाली कामदारको मृत्यु मलेसियामा भएको छ । मलेसियामा मात्रै ४११, साउदी अरबमा ३८९, कतार २९४, युएई २०६, कुवेत ६५, कोरिया १६ र अन्य मुलुकमा गरी ९८ जना कामदारको मृत्यु भएको बोर्डले जनाएको छ ।

## 'अनुमतिविना होटलमा वैदेशिक रोजगारसम्बन्धी गतिविधि नगर्नू'

**काठमाडौं (प्रस)-** वैदेशिक रोजगार विभागले अनुमतिविना महँगा होटल तथा पार्टी प्यालेसमा वैदेशिक रोजगारसम्बन्धी गतिविधि नगर्न आग्रह गरेको छ । रोजगारीका लागि पोल्याण्ड लैजाने भन्दै विनाअनुमति नेपाली युवाहरू जम्मा पारी अन्तर्वार्ता लिइरहेको अवस्थामा दुई विदेशी नगारिक राजधानीको एक पाँचतारे होटलबाट पक्राउ परेपछि विभागले उक्त आग्रह गरेको हो ।

विभागले आइतबार एक विज्ञप्ति जारी गर्दै विदेशमा आकर्षक रोजगारीको प्रलोभन देखाई अन्तरवार्तालगायतका वैदेशिक रोजगारसम्बन्धी कार्यक्रमहरू आयोजना गरी नेपालीहरूसँग रकम असुल गर्ने गतिविधि बढेको उल्लेख गरेको छ । विभागले अनुमतिविना त्यस्ता ठाउँमा उल्लेखित गतिविधि नगर्न इजाजतपत्र प्राप्त म्यानपावर कम्पनीहरूलाईसमेत आग्रह गरेको छ । त्यस्तै यदि कोही कसैले वैदेशिक रोजगारसम्बन्धी गतिविधि सञ्चालनका होटल तथा पार्टी प्यालेसहरू बुक गरेमा अनुमति लिए/नलिएको यकीन गरेरमात्रै स्थान उपलब्ध गराउन विभागले सबै होटल तथा पार्टी प्यालेसहरूलाई समेत आग्रह गरेको छ ।

पछिल्लो समय टिकटक, फेसबुक तथा भाइवरमार्फत नेपालीहरूलाई विदेशका विभिन्न मुलुकमा आकर्षक तलब सुविधा देखाई प्रलोभनमा पार्ने र पैसा उठाएर अलपत्र पार्ने क्रम बढ्दै गएकोप्रति विभागले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । सामाजिक सञ्जालको पछाडि नलाग्न र इजाजतपत्र प्राप्त संस्थाहरूबाट मात्रै वैदेशिक रोजगारसम्बन्धी कार्य गर्न पनि विभागले अनुरोध गरेको छ ।

यसअघि पोल्याण्ड र अन्य युरोपेली मुलुकमा लैजाने भन्दै गत अनुमतिविना सयौंको संख्यामा युवाहरू जम्मा गरेर अन्तर्वार्ता लिंदै गरेको अवस्थामा पोल्याण्डका नागरिक एलेग फेडोसिक र युएईकी नागरिक रिता फियागोसिकलाई अनुसन्धानका लागि नियन्त्रणमा लिइएको विभागले जनाएको छ । उनीहरूले केही समयदेखि टिकटक आइडीमार्फत आफूहरू पोल्याण्ड रिक्रुटमेन्ट कम्पनीको प्रतिनिधि रहेको र वेयरहाउस तथा फ्याक्ट्रीमा काम गर्न एक हजार जना नेपाली कामदार लैजान चाहेको भन्दै प्रचार गरेका थिए ।

## उदयपुर सिमेन्टमा हप्ता दिनपछि जोडियो बत्ती



■ **प्रभाव संवाददाता**

**काठमाडौं-** उदयपुर सिमेन्ट उद्योग लिमिटेडमा काटिएको विद्युत् प्रवाह पुनः जडान गरिएको छ । उद्योगमन्त्री रमेश रिजालको पहलमा विद्युत् पुनः जडान गरिएको उद्योगका एक कर्मचारीले बताए ।

दक्षिण एसियाकै उत्कृष्ट सिमेन्ट गैंडा सिमेन्ट उत्पादन गर्ने उद्योग पछिल्लो समय धराशायी बन्दै गएपछि महसुल बुझाउन नसक्दा गत आइतबार विद्युत् काटिएको थियो ।

अघिल्लो शनिबार संघीय उद्योगमन्त्री रिजाल उद्योग परिसरमा पुगेर साधारणसभा उद्घाटन गरेको भोलिपल्टैबाट उद्योगको विद्युत् अवरुद्ध भएको थियो । आफू गएकै दिन विद्युत् अवरुद्ध भएपछि मन्त्री आफैं विद्युत् प्रवाह खुलाउन लागिपरेका थिए । मन्त्री रिजालले नेपाल विद्युत् प्रधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङसँग भेटेपछि विद्युत् प्रवाह खुलेको सिमेन्टका एक कर्मचारीले बताए । 'मन्त्रीज्यू गएकै भोलिपल्टबाट बत्ती काटिएकाले उहाँलाई पनि निकै अप्ठेरो लागेछ । त्यसपछि ऊर्जामन्त्री भेट्नेदेखि कुलमान घिसिङसँगसमेत भेट्नुभएछ, शुक्रबार रातिबाट बत्ती आएको छ,' ती कर्मचारीले भने । उद्योग मन्त्रालयले लाइन जडान गरिदिन पत्राचार गरेको थियो ।

उदयपुर सिमेन्ट सरकारी उद्योग भएको र यसलाई जोगाउनका लागि चारैतर्फबाट सहयोग प्राप्त भएपछि विद्युत् जोडिएको मन्त्री रिजालको सचिवालयले जनायो ।

**कसरी जोडियो बत्ती ?**

उदयपुर सिमेन्टमा बत्ती काटिएपछि सरकारी उद्योग धराशायी बनाउने प्रयत्न भएको भन्दै यसको चौतर्फी विरोध भएको थियो । यससँगै सम्बन्धित निकायले ध्यानाकर्षण गराएकाले हप्तादिनपछि अन्धकारबाट उज्यालो आएको निमित्त नायब महाप्रबन्धक महेशप्रसाद शाहले बताएका छन् । उदयपुरको त्रियुगा नगरपालिकास्थित जलजलेमा रहेको उद्योगका कर्मचारी बत्ती काटिँदा अहिले अन्धकारमा बस्न बाध्य भएका थिए ।

उदयपुर सिमेन्टका अनुसार उद्योगले प्रधिकरणलाई २४ करोड रूपैयाँ तिर्न बाँकी छ । '२४ करोडको हिसाब मिलानबाहेक अरु हामीले नियमितरूपमा तिरेका छौं,' शाहले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । तर, प्राधिकरणको गाईघाट शाखा प्रमुख विजयबाबु खत्रीले भने महशुलबापतको ३६ करोड ४४ लाख ३१ हजार २७२ रूपैयाँ उद्योगले तिरेको छैन । समयमा महशुल नबुझाउँदा जरिवाना नै आठ करोड ८६ लाख ९८ हजार ५०० पुगिसकेको र उक्त रकम तिर्न आलटाल गरेपछि बत्ती काटिएको हो । (बाँकी पृष्ठ २ मा)

## संसद्मा....
पृष्ठ १ बाट जारी

तैपनि आफू नेतृत्वको तत्कालीन सरकारले ल्याएका केही कार्यक्रम हालै सार्वजनिक नीति तथा कार्यक्रममा नसमेटिएको भन्दै गुनासो व्यक्त गरिरहेका थिए ।

उनले भने, 'पूर्व-पश्चिम विद्युतीय रेलमार्गका कतिपय खण्डका डिपिआर तयार गरी निर्माण प्रारम्भ गर्दै थियौं । काठमाडौं, वीरगञ्ज र रसुवागढी-काठमाडौं-लुम्बिनी रेलमार्ग निर्माणको तयारी हुँदै थियो । कता हराए यी कार्यक्रम ?'

सम्बोधनका क्रममा ओलीले १८ घण्टा लामो लोडसेडिङको अन्त्य आफूले गरेको दाबी गरे । जबकि, दोस्रोपटक प्रधानमन्त्री हुँदा दाहालले ऊर्जामन्त्रीमा जनार्दन शर्मा र उनीमार्फत नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई नियुक्त गराएर उज्यालो अभियानअन्तर्गत लोडसेडिङ अन्त्य गरेका थिए । तर, आइतबार संसद्मा भने गलत तथ्य प्रस्तुत गर्दै ओलीले आफूले लोडसेडिङको अन्त्य गरेको भन्दै जस लिने प्रयास गरे ।

'३३३ मेगावाट थप विद्युत् उत्पादन गरी वितरणमा ल्यायौं । ४५६ मेगावाट थप विद्युत् उत्पादन गरी वितरणको तयारीमा पुर्‍यायौं,' ओलीको भनाइ थियो, 'विद्युत् तार भूमिगत गर्न सुरु गर्‍यौं । लोडसेडिङ अन्त्य गरायौं ।'

राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार संसद्मा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् । जसबारे छलफल प्रारम्भ भएकै दिन प्रमुख विपक्षी दल एमालेका अध्यक्ष ओलीले लामो सम्बोधन गर्दै यथास्थितिमै नीति तथा कार्यक्रम पारित गर्न नहुने राय पनि प्रकट गरे ।

यसबाहेक ओलीले नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै उच्च पदस्थ अधिकारीहरूकै संलग्नतामा भएको करोडौं करोडको ठगी प्रकरणमा पार्टी सचिव टोपबहादुर रायमाझीलाई निर्दोष करार गर्ने प्रयास गरे । उनले रायमाझीलाई फसाउन खोजिएको समेत घुमाउरो शैलीमा बताए ।

'यो प्रकरणका दोषी कोही पनि छुट्नुहुँदैन । तर, अहिले निर्दोष फसाउने प्रयास भइरहेको छ । यसमा मेरो खबरदारी छ । अहिले दोषीलाई उम्काउने र निर्दोषलाई फसाउने प्रयास नगर्दा हुन्छ,' उनले भने । शरणार्थीका नाममा भएको ठगी प्रकरण भयावह हुने उनको भनाइ छ । उनका अनुसार जसरी आगो छोप्दा पनि धुवाँ छोप्न सकिँदैन, शरणार्थी प्रकरण त्यस्तै हो ।

## भित्र्याउने....
पृष्ठ १ बाट जारी

१०२ एम्बुलेन्स सेवा सञ्चालन भइरहेको छ । त्यसको श्रेय काठमाडौं महानगरपालिकाका पूर्वप्रमुख विद्यासुन्दर शाक्यलाई जान्छ नै । विश्वमहामारीका रूपमा फैलिएको कोभिड-१९ का कारण लकडाउनका समयमा बिरामीहरूले उपचार गर्न अस्पताल जान नपाउने अवस्थाको सिर्जना भएको थियो । त्यसैबेला तात्कालीन प्रमुख शाक्यको पहलमा महानगरले हटलाइन सेवा सुरु गरेको थियो । हटलाइनमार्फत कोभिडका बिरामीहरूको अवस्थाका बारेमा जानकारी दिने टेलिफोनबाट चिकित्सकहरूले सल्लाह दिने गरी एप्स पनि सुरु गरेको थियो ।

त्यत्तिमात्र नभई अस्पताल पुग्ने पर्ने कोभिड-१९ का बिरामी तथा अन्य बिरामीलाई अस्पतालबाट घर र घरबाट अस्पतालसम्म निःशुल्क पुर्‍याउने सर्तमा नेपाल एम्बुलेन्स सेवालाई वार्षिक एक करोड ४४ लाख रूपैयाँ दिनेगरी तात्कालीन प्रमुख शाक्यले पाँच वर्षका लागि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएका थिए ।

'यो सेवा अहिले सुरु भएको होइन, कोभिडको समयमा उपत्यकाबासीहरूले उपचार गर्न जान नपाउने अवस्था देखिएपछि मेरै नेतृत्वमा निःशुल्क एम्बुलेन्स सेवा १०२ मार्फत गरेको हो,' शाक्यले भने,'त्यसअघि १०२ ले बिरामी बोकेबापत रकम लिने गर्दथ्यो । कुनै पनि बिरामीले निःशुल्क एम्बुलेन्स सेवा पाउनु पर्दछ भन्ने सोचले मैले सुरुआत गरेको हो, त्यसमा कुनै दुई मत नै नहुनु पर्ने हो ।'

यही निःशुल्क एम्बुलेन्स सञ्चालन गरेबापत काठमाडौं महानगरपालिकाले नेपाल एम्बुलेन्स सेवालाई वार्षिक एक करोड ४४ लाख रूपैयाँका दरले भुक्तानी त्यसबेलादेखि नै गर्दै आएको छ । तर, अहिले १०२ लाई फरक ढंगले चर्चामा ल्याउने प्रयास भइरहेको छ । महानगरपालिकाले बार्षिक एक करोड ४४ लाख रूपैयाँ भुक्तानी गरिरहेको अवस्थामा सो सेवाले नागरिकसँग पैसा असुलिरहेको गुनासो बढेपछि कोभिडकै समयमासमेत सम्झौता रद्द गर्नेसम्मको अवस्थामा पुगेको जानकारहरू बताउँछन् ।

कोभिडको समयमा काठमाडौं महानगरपालिकामा तात्कालीन प्रमुख विद्यासुन्दर शाक्यले बिरामीहरूलाई निःशुल्करूपमा अस्पतालदेखि घर एवं घरबाट अस्पतालसम्म पुर्‍याउन नेपाल एम्बुलेन्स सेवाको १०२ र संयुक्त एम्बुलेन्स सञ्चालक संघमा आबद्ध रही काठमाडौं उपत्यकामा सञ्चालनमा रहेका अन्य एम्बुलेन्सहरूसँग समेत सहकार्य गरी हटलाइन ११८० मार्फतसमेत निःशुल्क एम्बुलेन्स सञ्चालन भएको थियो । १०२ एम्बुलेन्स बालेन आएपछि निःशुल्क भएको भने होइन ।

'जे भए पनि महानगरले निःशुल्क एम्बुलेन्स सञ्चालन गरेको छ भन्ने सन्देश गएको छ त्यो नै राम्रो हो । जस कसले लिने भन्ने कुरा फरक हो, त्यो इतिहास नै साक्षी छ,' विद्यासुन्दरको भनाइ छ ।

## उदयपुर सिमेन्ट....
पृष्ठ १ बाट जारी

प्राधिकरणले २५ प्रतिशत रकम नतिरेसम्म बत्ती नजोड्ने अडान लिए पनि डेढ करोड रूपैयाँ तिरेर अहिलेलाई बत्ती जोडिएको हो । प्रधिकरणका महाप्रबन्धकले पाँच किस्तामा रकम तिर्ने सहमति गरेको बताइएको छ ।

### महाप्रबन्धक न्यौपानेविरुद्ध आन्दोलन जारी

उदयपुर सिमेन्टमा हाल करिब २९० कर्मचारी छन् । त्यहाँ कर्मचारी युनियनहरू पनि रहेका छन् । बत्ती जोडिए पनि महाप्रबन्धक न्यौपाने उद्योग पुगेका छैनन् । उनी अस्वस्थ रहेको भन्दै काठमाडौंमै आराम गरिरहेका छन् । कर्मचारी भने न्यौपानेको राजीनामा माग्दै सोमबारबाट उद्योगमा धर्नामा छन् । बत्ती काटिनुअघि नै महाप्रबन्धक न्यौपाने काठमाडौंमा आएका हुन् ।

न्यौपानेविरुद्ध विभिन्न चार मजदुर संगठन विरोधमा उत्रिएका छन् । 'अझै पनि कालो झण्डा देखाइरहेका छन्,' ती कर्मचारीले भने । उनी हटाउनका लागि भन्दै युनियनका कर्मचारी काठमाडौं आउने तयारीमासमेत रहेको ती कर्मचारीले बताए ।

यता महाप्रबन्धक न्यौपाने भने आफूलाई हटाउन लागिपरेकाहरू विगतबाटै आन्दोलनमा रहेको दाबी गर्छन् । न्यौपानेमाथि भ्रष्टाचारको आरोप लगाउँदै मजदुरहरू सोमबारदेखि नै आन्दोलित भएका हुन् । न्यौपानेले भने आफूले कुनै भ्रष्टाचार नगरेको बरु आफू गएपछि उद्योग नाफामा गएको यसअघि प्रभावसँगको कुराकानीमा दाबी गरेका थिए । 'जिएम हटाउन लागेकाहरूले त्यस्तो भनेका होलान् । म तुलामा जोखिन तयार छु,' न्यौपानले भनेका छन् । पछिल्लो घटनाक्रमबारे आइतबार साँझ प्रभावले बुझ्न खोज्दा न्यौपानेसँग सम्पर्क हुन सकेन ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JH20 GENERAL SERVICES FOR BUILDINGS CO
पूर्व स्वीकृति मिति २०८०/०२/०७ LT. No. 286281 चलानी नं. ६०१९७३२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 5 | 4 | 100 | ४३०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १५ गते (29th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम इजाजत नं.८३३/०६६/०६७
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL SARA FASHION ENTERPRISE
पूर्व स्वीकृति मिति : २०८०/०२/०५ LT No. 286400 चलानी नं. ६०१९२०५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 22 | 0 | 900 | २८,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १५ गते (29th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बदि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पदेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Kingfisher श्रम इजाजत नं. १४३५/०७४/७५
**Kingfisher Overseas Pvt.Ltd**
Gairigaun 9 Tinkune, Kathmandu,Nepal.
Contact no.:+977-014112437/014112160, Email: kingfisheroverseasnepal@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OLDER ATHLETE'S TREATMENT CENTER
पूर्व स्वीकृति मिति २०८०/०२/०६ LT. No. 286157 चलानी नं. ६०२०१७५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 5 | 0 | 1200 | ४२२११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ADVANCED IMDAD CONTRACTING EST
पूर्व स्वीकृति मिति २०८०/०२/०६ LT. No. 286158 चलानी नं. ६०२०१७५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 2 | 0 | 1800 | ६३३१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १५ गते (29th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HUAYI HANG (M) SDN BHD
पूर्व स्वीकृति मिति २०८०/०२/०७ LT. No. 286453 चलानी नं. ६०२०१८०७

| | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १५ गते (29th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sherpa International Manpower Consultancy Pvt. Ltd.** Govt. License 430/060/061
Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GLASS & PLASTIC PACKAGING SDN.BHD.
पूर्व स्वीकृति मिति २०८०/०२/०६ LT. No. : 286377 चलानी नं.: ६०२०१७५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | 1500 | ४३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १५ गते (29th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 128/055/56
**Kasturi International Service Pvt. Ltd.**
Baluwatar, Maharajgunj, Kathmandu, Nepal, Tel: +97714539647, +97714541458
E-mail:-kasturi128@hotmail.com. Web: www.kasturiint.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHIN PENG MEE FACTORY
पूर्व स्वीकृति मिति २०८०/०२/०७ LT. No. 286366 चलानी नं. ६०२०१७९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 0 | 1500 | ४३,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : READYCARE MANUFACTURING SDN BHD
पूर्व स्वीकृति मिति २०८०/०२/०७ LT. No. 286280 चलानी नं. ६०२०१८००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 20 | 0 | 1500 | ४३,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १५ गते (29th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४
**SWIFT H.R. SOLUTION PVT. LTD.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SPARK SECURITY SERVICES SOLE PROPRIETORSHIP LLC
पूर्व स्वीकृति मिति २०७८/०६/२५ पूर्व स्वीकृति मिति २०८०/०२/०७ LT. No. 248136 चलानी नं. ६०१६५३४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 133 | 27 | 2000 | ६५,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: २०८० जेष्ठ १५ गते (29th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Tenduli International Employment Service Pvt. Ltd.** Govt. License 304/059/60
P.o.Box: 10943, New Baneshwor-34 Kathmandu, Nepal. Tel: +977 1-5919243, 977 1-4568734
Fax: +977-1-4460562, Mobile: +9779813083335,, 9851083996
Email: info@tendulimanpower.com.np, Web: www.tendulimanpower.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RANBAXY (MALAYSIA) SDN BHD
पूर्व स्वीकृति मिति:२०७९/१२/३० पुन विज्ञापन स्वीकृति मिति:२०८०/०२/०७ चलानी नं.६०२००११५ LT. No.284543

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 40 | 0 | 1500 | ४३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १५ गते (29th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SAUGAT EMPLOYMENT SERVICE PVT. LTD.** श्रम ईजाजत नं. १२२१/०७४/०७५
Battisputali, Ram Mandir Marg, Kathmandu, Nepal, Tel: +977-01-4489384, 4589384 Mob.9851086131, E-mail : saugatemployment1221@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : STEEL HUB ENGINEERING SDN BHD
पूर्व स्वीकृति मिति : २०८०/०२/०५ LT. No. 286324 चलानी नं. ६०२०१७३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १५ गते (29th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.** Govt. License 938/067/068
Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4983088, 4955765

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNIFORCE GENERAL SECURITY GUARD SERVICES
पूर्व स्वीकृति मिति २०८०/०२/०६ LT No.286355 चलानी नं.६०२०१७६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Life Guard | 20 | 0 | 1500 | ५३,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guards | 70 | 10 | 1500 | ५३,८८० | | | | | | | |

कम्पनी : AL REMAIHI INTERIOR DECORATION WORKS LLC
पूर्व स्वीकृति मिति २०८०/०२/०६ LT No.286354 चलानी नं.६०२०१७६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gypsum Finishing Carpenter | 11 | 0 | 1200 | ४३,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १५ गते (29th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075
**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9856028101
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FOOD BASICS TRADING COMPANY
पूर्व स्वीकृति मिति २०७९/०४/२२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०७ LT. No. 268377 चलानी नं. ६०१८४६८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 14 | 0 | 1000 | ३५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १५ गते (29th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.** श्रम इजाजत नं. १०१९/०६८/०६९
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RIYADAT EXCELLENCE CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति: २०८०/०२/०७ LT. No.286412 चलानी नं. ६०२०१७८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kithcen Worker | 1 | 0 | 1000 | ३५,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL-ADEM BARBER for men's shaving.
पूर्व स्वीकृति मिति: २०८०/०२/०७ LT. No.286411 चलानी नं. ६०२०१७८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nail Care Specialist | 1 | 0 | 1500 | ५२,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १५ गते (29th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ३८४/०५९/०६०
**Pigeon International Overseas Pvt. Ltd**
Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.com.np

# श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रामिक ३४ हजार बनाउन सिफारिस

■ प्रभाव संवाददाता

**काठमाडौं–** न्यूनतम पारिश्रमिक निर्धारण समितिले श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रामिक ३४ हजार १२५ रूपैयाँ बनाउन सरकारलाई सिफारिस गरेको छ ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मासमक्ष न्यूनतम पारिश्रमिक निर्धारण समितिकी अध्यक्ष संगीता खड्कासहितको टोलीले सो प्रतिवेदन बुझाउँदै पारिश्रामिक बढाउन प्रस्ताव गरेको हो ।

मन्त्री शर्माले वर्तमान अवस्थामा आर्थिक अवस्था कमजोर भए पनि श्रमजीवी पत्रकारले जीवन निर्वाह गर्नसक्ने गरी तलब पाउनुपर्ने र यदि सम्बद्ध मिडिया हाउसले तोकिएबमोजिम पारिश्रमिक उपलब्ध नगराए सरकारले लोककल्याणकारी विज्ञापन दिने बेलामा मापदण्ड बनाउने बताइन् । 'न्यूनतम पारिश्रामिक पनि नदिने मिडिया हाउसलाई सरकारले लोककल्याणकारी विज्ञापन दिने बेलामा मापदण्ड बनाउँछ,' उनले भनिन्, 'समितिले सिफारिस गरेको न्यूनतम पारिश्रामिक लागू गर्न र श्रमजीवी पत्रकारले जीवन निर्वाह गर्नसक्ने गरी पारिश्रमिक पाउनुपर्छ भन्ने विषयमा सरकार स्पष्ट छ ।'

मन्त्री शर्माले श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गराउन बाध्यकारी बनाउनुपर्ने उल्लेख गरिन् । उनले सरकारको नीति तथा कार्यक्रममा समानुपातिक विज्ञापन प्रणालीको विषय राखिएकाले सरकारले लोक कल्याणकारी विज्ञापन कटौती गर्न नखोजेको पनि स्पष्ट गरिन् ।

'सरकारले लोककल्याणकारी विज्ञापनलाई रोक्दैन,' मन्त्री शर्माले भनिन्, 'एक महिनाजतिका लागि बजेट अपुग भएको हो तर नदिने भनिएको होइन ।' नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले सिफारिस गरिएको न्यूनतम पारिश्रामिक पूर्णरूपमा कार्यान्वयन गरउन सरकारको ध्यान जानुपर्ने माग गर्दै तोकिएबमोजिमको पारिश्रामिक उपलब्ध गराउन सकिने वातावरण सिर्जना गर्न पनि सरकारले पहल गर्नुपर्नेमा जोड दिए ।

समिति अध्यक्ष खड्काले ४० प्रतिशत तलबमान वृद्धिसहित विभिन्न आठ बुँदा कार्यान्वयनका लागि सरकारसमक्ष सिफारिस गरिएको बताइन् । श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५९ लागू भएको २७ वर्ष भइसकेको र उक्त ऐन पहिलो पटक संशोधन भएको पनि १४ वर्ष बितिसकेको हुँदा परिवर्तित परिस्थितिअनुरूप पुनः ऐन संशोधन आवश्यक भएकाले यसका लागि प्रक्रिया सुरु गर्नुपर्ने सिफारिसमा उल्लेख छ ।

सञ्चार प्रतिष्ठानमा कार्यरत जनशक्तिले ऐनबमोजिमको सुविधा पाए नपाएको तथ्य पत्ता लगाउन प्रभावकारी अनुगमन गर्न आवश्यक बजेट र जनशक्तिको व्यवस्था हुनुपर्ने, ऐनले तोकेका सेवा तथा सुविधा सम्बद्ध सञ्चार प्रतिष्ठानले कार्यान्वयनमा ल्याए नल्याएको पत्ता लगाई तिनलाई पुरस्कार तथा सजायँको भागेदार गराउन उक्त समितिलाई थपअधिकार अधिकार दिनुपर्ने कुरा पनि उल्लेख गरिएको छ ।

ऐनको प्रभावकारी कार्यान्वयनका लागि नियमितरूपमा प्रतिष्ठानको अनुगमन गर्नाका साथै सरोकारवालाको समेत प्रतिनिधित्व रहने गरी एक स्थायी प्रकृतिको अनुगमन र न्यायिक संयन्त्र बनाउनुपर्ने, श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ (पहिलो संशोधन २०६४) ले तोकेका सेवा, सुविधा उपलब्ध नगराउने सञ्चार प्रतिष्ठानलाई सरकारबाट प्राप्त हुने सम्पूर्ण सेवा, सुविधा रोक्ने प्रावधान अनिवार्य राख्नुपर्ने पनि सिफारिसमा उल्लेख गरिएको छ ।

ऐन कार्यान्वयन नगर्ने प्रतिष्ठानले कुनै पनि सरकारी सूचना प्रकाशन/प्रसारण गर्न नपाउने व्यवस्था गर्नुपर्ने, सञ्चार प्रतिष्ठान सञ्चालनका लागि टेवा पुऱ्याउन सूचना वा विज्ञापनको समानुपातिक वितरण एकद्वार प्रणालीमार्फत कार्यान्वयन गराउनुपर्ने साथै स्थानीयस्तरका विज्ञापन समानुपातिकरूपमा स्थानीय मिडियामा नै दिने व्यवस्था हुनुपर्ने कुरा पनि उल्लेख गरिएको छ ।

सम्पूर्ण सञ्चार प्रतिष्ठानमा सामाजिक सुरक्षा कोष अनिवार्य लागू गराउनुपर्ने र चाडपर्व, स्वास्थ्य उपचारलगायत ऐन, नियमले तोकेका सुविधासहित 'पे-रोल' बुझाउने व्यवस्था गरिनुपर्ने कुरा पनि उक्त सिफारिसमा गरिएको छ ।

## राहदानी हरायो

मिति २०८०/०१/०९ गते चक्रपथदेखि चावहिलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **कमल बहादुर कटुवाल**
राहदानी नं : ०८८६४७१६
ठेगाना: पेप्सीकोला, टाउन प्लानिङ
फोन नं : ९८५१०३०७४८


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : G APPLE CLEANING & TECHNICAL SERVICES L.L.C
पूर्व स्वीकृति मिति २०८०/०२/०५ LT. No. 283339 चलानी नं. ६०२०१७६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 12 | 0 | 1000 | ३५,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १५ गते (29th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mobhira Overseas Service Pvt. Ltd.**
P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal
Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TUNNEL METRO GENERAL CONTRACTING EST.
पूर्व स्वीकृति मिति : २०७९/१२/१३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०७ LT. No. 283471 चलानी नं.६०१९९३२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 2 | 0 | 1300 | ४५,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १५ गते (29th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt Lic No. 780/065/066
**LOTUS Human Resourse Pvt. Ltd**
A Complete Human Resource Company
P.O. Box: 23440, Basundhara, Kathmandu, Nepal. Tel: +00977-1-4966177/4966189, Fax: 00977-1-4366035
Email: lotushumanresource@wlink.com.np, info@lotushrnepal.com, Web: www.lotushrnepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : UPAYAPADU RESOURCES SDN BHD
पूर्व स्वीकृति मिति: २०८०/०२/०६ LT. No. 286398 चलानी नं.६०२०१७०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 250 | 0 | 1500 | ४३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १५ गते (29th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.**
Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465
श्रम ईजाजत नं. ६१३/०६२/०६३



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BOSNIAN KEBAB RESTAURANT TO SERVE MEALS
पूर्व स्वीकृति मिति २०८०/०२/०५ LT. No. 286308 चलानी नं. ६०२०१७८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 4 | 0 | 1400 | ४९,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १५ गते (29th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np
श्रम ईजाजत नं. १०००/०६८/०६९



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HIGH TECH FOCUS SDN BHD.
पूर्व स्वीकृति मिति २०७९/०६/१० पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०७ LT. No. 272540 चलानी नं. ६०१९८३८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 1 | 0 | 1500 | ४२,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : JMI GLOBAL PROJECTS
पूर्व स्वीकृति मिति २०७९/१२/०१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०७ LT. No. 282564 चलानी नं. ६०१९३८०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 6 | 0 | 1500 | ४२,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : TAY KEE FROZEN FOOD AND TRADING SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०४/०९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०७ LT. No. 267889 चलानी नं. ६०१९३८०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturings | 7 | 0 | 1500 | ४२,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १५ गते (29th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Govt.Lic.No- 1168/073/074
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: +977-9851002539, E:-minawarecruitment@gmail.com | w:-www.minawarecruitment.com



## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!
## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!

नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित
अन्तर्वार्ता देखि उडान सम्म नि:शुल्क खाना, यातायात, आवास

कम्पनी : QDOS INTERCONNECT SDN. BHD.
Pre Approval Date : 2022-07-15 पूर्व स्वीकृति मिति : २०७९/०३/३१
Post Approval Date : 2023-05-21 पुन विज्ञापन स्वीकृति मिति : २०८०/०२/०७
LT. No. 267428 एल टि न. २६७४२८
Invoice No. 60183361 चलानी नं. ६०१८३३६१

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिंगिट MYR | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 130 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४३,५९५ | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**नोट**: आबेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिन Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहार्ने By the Employer | रोजगारदाताले व्यहार्ने By the Employer | रोजगारदाताले व्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहार्ने By the Employer | रोजगारदाताले व्यहार्ने By the Employer | रोजगारदाताले व्यहार्ने By the Employer | ने.रू.७०० /- रोजगारदाताले व्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले व्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी व्यवस्था : ने.रू.१५०० /- रोजगारदाताले व्यहार्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कति लाग्ने र कस्ले व्यहार्ने रोजगारदाताले व्यहार्ने
How much is the Service Fee and who will bear it By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रकिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
MERIDIAN OVERSEAS P.LTD. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

अन्तरवार्ता हुने स्थान: म्यानवापर कम्पनी काठमाडौं मिति : जेष्ठ १५ गते (29th May. 2023) मा हुनेछ ।

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस बिज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

**Meridian Overseas Pvt. Ltd.**
Bashundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465
श्रम ईजाजत नं. ६१३/०६२/०६३


## राहदानी हरायो

मिति २०८०/०१/०९ गते चक्रपथदेखि चावहिलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **मौलिक कटुवाल**
राहदानी नं : ०८८६४७५२
ठेगाना: पेप्सीकोला, टाउन प्लानिङ
फोन नं : ९८५१०३०७४८

## राहदानी हरायो

मिति २०८०/०१/०९ गते चक्रपथदेखि चावहिलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **मुना पाण्डे**
राहदानी नं : ०८८६४७१२
ठेगाना: पेप्सीकोला, टाउन प्लानिङ
फोन नं : ९८५१०३०७४८


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EMFAM INTEGRATED TECHNICAL SERVICES LLC
पूर्व स्वीकृति मिति २०७९/०९/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/०७ LT. No. 278238 चलानी नं. ६०१९४५१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administrative Officer | 0 | 1 | 1400 | ५१,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaning Supervisor | 2 | 0 | 1500 | ५४,९५५ | | | | | | | |
| 3 | Cleaner | 36 | 5 | 1000 | ३६,६३५ | | | | | | | |
| 4 | Commercial Sales Representative | 4 | 0 | 1400 | ५१,२९० | | | | | | | |
| 5 | Follow Up Clerk | 1 | 0 | 1400 | ५१,२९० | | | | | | | |
| 6 | Marketing Manager | 1 | 0 | 1500 | ५४,९५५ | | | | | | | |
| 7 | Packer | 5 | 8 | 1000 | ३६,६३५ | | | | | | | |
| 8 | Purchasing Representative | 2 | 0 | 1400 | ५१,२९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १५ गते (29th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944


## वालिङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

वालिङ, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति २०८०।२।८

यस कार्यालयबाट प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्र मुल्याङकन गर्दा तपसिलको बोलपत्र न्यूनतम मूल्याङकित सारभुत रूपमा प्रभावग्राही भई मुल्याङन समितिबाट स्वीकृतको लागि सिफारिस भए बमोजिम सार्वजनीक खरिद ऐन २०६३ को दफा २७ (२) अनुसार तथा सोही ऐन को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरूको जानकारीको लागी यो सूचना प्रकाशित गरीएको छ ।

**तपशिल**

| सि.नं | ठेक्का नम्बर | योजनाको नाम | छनौटको लागी सिफारिस भएको बोलपत्रदाता | बोल कबोल अंक (रु) (भ्याट समेत) |
|---|---|---|---|---|
| १ | १४/२०७९/८० | वडा कार्यालय भवन निर्माण वालिङ ४ | शुनिस कन्स्ट्रक्सन वालिङ १ | ६१५५४२७.६९ |

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### लम्पी महामारी नियन्त्रणमा ध्यान देऊ

पछिल्ला दिनहरूमा देशका विभिन्न स्थानमा गाईभैँसीमा लम्पी स्किन रोगको प्रकोप बढ्दै गएको देखिन थालेको छ । 'क्याप्री पक्स' नामक भाइरस संक्रमणका कारण लम्पी स्किन रोगको प्रकोप देखिन थालेको हो । लम्पी स्किनका रोगको संक्रमणका कारण गाउँदेखि सहरी क्षेत्रका गाईभैँसी मर्न थालेका छन् । सयौं गाईवस्तुमा यो रोगको संक्रमण देखिन थाल्नु चिन्ताको विषय बनेको छ । नेपालमा ३५ भन्दा बढी जिल्लामा अहिले यो महामारी फैलिएको छ ।

लम्पीका कारण पशुमा उच्च ज्वरो आउने, झोक्राउने, खाना नरुचाउने र दूध कम दिने लक्षण देखिन्छ । चिकित्सकका अनुसार संक्रमण भएका गाईवस्तुको छालामा पाँच सेन्टिमिटरसम्मको गोलो गिर्खा र घाउ देखापर्छ भने नाक र मुखबाट तरल पदार्थ काढ्ने 'लम्पी स्किन' संक्रमण बढेपछि पशुचौपाया मर्छन् ।

संक्रमणबाट लाग्ने यो रोगबाट बचाउन विश्वभर खोप लगाउने चलन छ । रोग लाग्दा पशुका खुट्टाका जोर्नी फुल्ने, ज्वरो आउने, शरीरको छालामा फोका उठ्ने, र्‍याल र सिँगान काँढ्ने, गर्भिणी पशु तुहिने र दुहुनो गाईले दूध कम दिने समस्या देखापर्छ । लम्पी स्किन रोगको संक्रमण भैँसीको तुलनामा गाईमा बढी देखिने गर्छ ।

यो रोगले दूध उत्पादनमासमेत कमी हुने चिकित्सकहरू बताउँछन् । ८० प्रतिशतसम्म घट्दा कृषकलाई ठूलो आर्थिक क्षति पुग्छ । पशुपालन किसानको आर्थिक आम्दानीको एक प्रमुख स्रोत हो । पशुपालनबाट नगदमात्र हैन खेतीपातीका लागि चाहिने मलसमेत उत्पादन गर्छ । पशु चिकित्सक अनन्त कोइरालाका अनुसार लम्पी स्किन रोग 'जुनोटिक डिजिज' नभएकाले संक्रमित पशुको दूध सेवन गर्न सकिन्छ । यो रोग केवल गाईभैँसीमा मात्र सर्ने भएकाले सामान्य अवस्थामा जस्तै दूध उमालेर खान सकिन्छ । तर, गाईवस्तु बिरामी भएपछि दूध उत्पादनमै कमी आउँछ । अन्य वस्तुमा संक्रमण हुन नदिन यो रोग लागेका पशु चौपायालाई कम्तीमा २१ दिन क्वारेन्टिनमा राखिने गरिन्छ । रोग नियन्त्रण गर्न गोठको सरसफाइ, भकारो व्यवस्थापन र चरन क्षेत्रको ख्याल गर्नुपर्ने हुन्छ । तर, सरकारले यो रोगको उपचारका लागि आवश्यक औषधि र जनशक्तिको व्यवस्था गर्न सकेको छैन ।

रोग लाग्न नदिन खोप लगाउन सकिन्छ तर संक्रमित पशुमा खोप लगाउन मिल्दैन । त्यसैले सरकारले पशुपालनमा लागेका किसानलाई यस्तो मारबाट जोगाउन यस्तो महामारी रोक्ने उपाय तत्काल खोज्नुपर्छ । संक्रमित पशुको व्यवस्थापन र खोप तत्काल प्रबन्ध गरी सरकारले आर्थिक मन्दी लागेको बेला किसानको क्षति कम गराउनुपर्छ ।

## मनन्योग्य

### चाणक्य नीति

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।


नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।'

क्रमशः

# बजेटमा समावेश गर्नुपर्ने प्रमुख मुद्दा



प्रा.डा. विश्वम्भर प्याकुर्‍याल

> दूरगामी वित्तीय अस्थिरता नझेल्न र वित्तीय प्रोत्साहनलाई टेवा दिन अहिलेसम्म हामी ऋण लिनसक्ने क्षमताभित्रै रहेकाले ऋणको व्यवस्थापनअन्तर्गत बजेटले थप ऋणको प्रावधान राख्नु जरुरी छ । ऋण व्यवस्थापन र वित्तीय क्षेत्र छ भन्दै हरेक वर्ष बढ्दै गएको ऋणको प्राथमिकीकरण र उत्पादकत्व निगरानीमा पूर्णरूपले असफल भएकाले यसपटक दण्ड र पुरस्कारको व्यवस्था अनिवार्यरूपमा गर्नुपर्ने देखिन्छ ।

आर्थिक गतिविधि न्यून हुँदा स्वतः राजस्व घट्छ । यसले गर्दा बजेट घाटामा रहन्छ । अहिले हामी यही अवस्थाबाट गुज्रिरहेका छौं । यसले गर्दा सार्वजनिक खर्च धान्न मुस्किलमात्र भएको छैन, बरु आर्थिक-सामाजिक असमानतासमेत अत्यधिक वृद्धि भएको छ । जीवनरक्षाका लागि स्वास्थ्य सेवा, खाद्यान्न उपलब्धताका लागि गरिने अस्तित्व-केन्द्रित खर्च र भौतिक पूर्वाधार र शिक्षामा गरिने लगानीबीचको खर्च विनियोजन अनिश्चित भएको छ । डलरको तुलनामा नेपाली मुद्राको अवमूल्यनले ऋणको दायित्व बढेको छ र वित्तीय 'स्पेस' साँघुरिएको छ । विश्वव्यापी मन्दीका कारण पनि वैदेशिक सहयोग घटेको छ ।

आर्थिक मन्दी बढ्दै गएर बेरोजगारी र गरिबी अकाशिएको छ । खुम्चिँदै गएको आर्थिक स्रोतमा सामाजिक सुरक्षाका लागि छुट्याउन पर्ने खर्चमा प्रश्न चिह्न लाएको छ । वित्तीय अभावको यस्तो असामान्य परिस्थितिले गर्दा नीतिगत जटिलता अझ बढाएको छ । अर्को कुरा, बृहत् आर्थिक परिसूचकले दिएको हाँक र मन्दीतर्फ बढिरहेको अर्थतन्त्रका बीच आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट प्रस्तावित गर्नु कम हाँकपूर्ण छैन । यिनै व्यावहारिकताका बीच तत्कालीन आवश्यकता पूर्ति गर्नु र भावी समुन्नतिको सपना जिउँदो राख्नु सरकारको उत्तरदायित्व हो । यस्तो अवस्थामा सतर्कताका साथ बनाइने योजना र निर्देशित नीतिसम्बन्धी पहल आवश्यक छ ।

मन्दीलाई प्रतिवाद गर्न वित्तीय प्रोत्साहनअन्तर्गत सरकारले भौतिक संरचना, स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षामा खर्च वृद्धि गर्नु पर्दछ । पैसा नभएका बेला वित्तीय प्रोत्साहन दिने कुरा जस पाउने सिफारिस त पक्कै हैन तर यस्तो लगानीले रोजगारी सिर्जना, आर्थिक गतिविधिमा बढावा र मन्दीबाट निर्घातरूपमा पीडित वर्गलाई साहारा दिने कुरा अवश्यम्भावी छ । मौद्रिक नीति बजेटको दायरामा नपरे पनि केन्द्रीय बैंकसँगको समझदारी अति नै आवश्यक छ । अहिले परम्परागत शैलीमा अर्थ मन्त्रालय र राष्ट्र बैंक आ-आफ्नो तरिकाले स्वतन्त्ररूपमा अघि बढे भने दुर्घटना हुनसक्छ । राजनीतिक विचारधारा र लगावलाई बिर्सेर अर्थतन्त्रलाई जोगाउन पारस्परिक समझदारी आवश्यक छ । ब्याजदर घटाउने र मुद्राको परिमाणात्मक सहजताको पहल सुरु गरिसकिएको छ । यसलाई अहिलेको पछिल्लो परिसूचकअनुसार यी नीतिमा पुनर्विचार आवश्यक छ किनभने यसले व्यापारिक गतिविधिलाई बढाएर उपभोक्ताको खर्च वृद्धि गर्न सहयोग गर्छ ।

दूरगामी वित्तीय अस्थिरता नझेल्न र वित्तीय प्रोत्साहनलाई टेवा दिन अहिलेसम्म हामी ऋण लिनसक्ने क्षमताभित्रै रहेकाले ऋणको व्यवस्थापनअन्तर्गत बजेटले थप ऋणको प्रावधान राख्नु जरूरी छ । ऋण व्यवस्थापन र वित्तीय क्षेत्र छ भन्दै हरेक वर्ष बढ्दै गएको ऋणको प्राथमिकीकरण र उत्पादकत्व निगरानीमा पूर्णरूपले असफल भएकाले यसपटक दण्ड र पुरस्कारको व्यवस्था अनिवार्यरूपमा गर्नुपर्ने देखिन्छ ।

आर्थिक पुनःस्थापना ढिलो र मन्दी लम्बिएका कारण बजेटले कर सुधारलाई प्राथमिकतामा राख्नुपर्छ । यो यस्तो सुधारको परिकल्पना हो जहाँ कर प्रगतिशील, दक्ष हुँदै आर्थिक क्रियाकलापलाई व्यवधान नपुर्‍याई आवश्यक राजस्व संकलन गर्न सक्षम हुन पुगोस् । निजी क्षेत्र सुदृढीकरण भाषणमा सीमित छ । गर्वका साथ देखाउनसक्ने सरकारी-निजी क्षेत्र-साझेदारी (पिपिपी)का एउटा पनि उदाहरणीय परियोजना हामीसँग छैन । प्रशासनिक जटिलता न्यूनीकरण गरेर, 'डुइङ विजिनेस'का तात्त्विक व्यवधानमा आवश्यक सुधार कार्यान्वयनमा ल्याई मन्दीबाट मर्माहित समूहको जीवन धान्नका लागि बजेटले निर्देशित कार्यक्रम ल्याउन आवश्यक छ । यी यस्ता समूह हुन् जो बोल्न पनि सक्दैनन् र जसका लागि बोली दिने समूह पनि छैन ।

हामीले बुझेर पनि बुझ पचाएका कुरा के हुन् भने स्रोतको अनुपलब्धताका नाममा मानव पुँजीमा गरिने लगानीमा कन्जुस्याइँ । शिक्षा, स्वास्थ्य सेवा र सामाजिक सेवाले जीवनमा गुणात्मक सुधार मात्र ल्याउँदैन, यसले जनशक्तिको उत्पादकत्वमा पनि वृद्धि ल्याउँछ । यसको अर्थ यस्ता क्षेत्रमा गरिने लगानीले दीर्घकालमा आर्थिक विकासलाई सघाउँछ । हाम्रो अर्थतन्त्र सीमित क्षेत्रमा आधारित रहेको छ र ती क्षेत्रको विश्वसनीयता आँकलन गर्न नसकिने चरित्रको छ । उदाहरणका लागि हाम्रो वैदेशिक व्यापारमा विविधीकरणको अभाव छ । यसो भन्नुको अर्थ अन्य विश्वव्यापी हाँक र जटिलताको अलावा नेपालको मन्दीको मूल कारण संरचनात्मक कमी कमजोरी र कार्य सञ्चालनमा देखिने असक्षमता हो । बजेटमा यी कुरालाई ध्यानमा राख्न सकियो भने यसले निर्देशित लगानी र नियामक सुधारलाई प्रोत्साहित गर्छ ।

केही वर्षयता नेपालमा जलवायु परिवर्तन गम्भीर समस्याका रूपमा देखापरेको छ । अप्रत्यासित बाढी, बढ्दो तापक्रम, भू-क्षय, हिमनदी बिस्फोट इत्यादिले खाद्य असुरक्षा र गरिबी तीव्ररूपमा वृद्धि भइरहेको छ । यसपालिको बजेटमा जलवायु परिवर्तनबाट भइरहेको क्षति न्यूनीकरण गर्न जलवायु परिवर्तन अनुकूलन नीतिका लागिसमेत स्रोत व्यवस्थापन आवश्यक छ । यसका लागि नवीकरणीय ऊर्जा, दिगो कृषि विकास र प्रकोपबाट हुने जोखिम कम गर्ने क्षेत्र प्राथमिकतामा राख्नुपर्छ ।

जहिले पनि ज्यादै परिश्रम, संसद्बाट छानबिन तथा आरोप, प्रत्यारोपबीच बजेट त ल्याइन्छ तर वाचा गरिएको ६० प्रतिशत पुँजीगत खर्च अलपत्र भइराखेको देखिन्छ । यस्तो अवस्थामा यसपालिको बजेटमा केही सैद्धान्तिक मान्यतालाई पनि ध्यानमा राख्नुपर्छ । वर्तमान आर्थिक अवस्थाको मूल्यांकन गर्दा आम्दानीको स्रोत, खर्चको प्रवृत्ति, मुख्य आर्थिक परिसूचक र नेपालको वर्तमान आर्थिक सामाजिक अवस्थाका प्रक्षेपणको उचित मूल्यांकन आवश्यक छ । यसका साथै हामीले पुँजीगत खर्च वृद्धि गर्न सम्भाव्य राजनीतिक विरोधकोसमेत व्यावहारिक मूल्यांकन गर्नुपर्छ ।

बजेट छुट्याउँदा कुन क्षेत्र बढी लाभान्वित हुन्छ भन्नेबारेमा जानकारी राख्न आवश्यक छ । यी यस्ता क्षेत्र हुनुपर्छ । यसले आर्थिक विकासमा बल पुर्‍याउन सकून्, रोजगारी सिर्जना गर्न सक्षम होउन् र मुलुकको विकासमा दूरगामी प्रभाव पार्न सकून् । लगानीबाट निश्चित प्रतिफल कति प्राप्त हुनसक्छ त्यसको जानकारी लिन प्रस्तावित प्रत्येक क्षेत्रको लाभ-हानि अध्ययन जरूरी छ । यो नीतिले भविष्यमा परियोजनाको प्राथमिकीकरण गर्न सहज हुन्छ । यसका साथै जोखिम व्यवस्थापन योजना पनि त्यतिकै जरूरी छ ।

प्रत्येक लगानीको योजनामा केही जोखिम हुन्छ जस्तो राजनीतिक विरोध, अर्थतन्त्रमा आएको परिवर्तन अथवा परियोजनाको असफलता । हामीले बजेट निर्माण गर्दा यस्ता सम्भावित हाँकहरूको आँकलन गरी समस्या न्यूनीकरण योजना तयार गर्नु आवश्यक छ । हाम्रो अनुभवले देखाइसकेको छ, अब साँच्चिकै पुँजीगत खर्च वृद्धि गर्ने हो भने कार्यान्वयनको समयरेखा अवश्य कोर्नुपर्ने हुन्छ । परियोजनाअनुसार आइपर्ने राजनीतिक, आर्थिक र अन्य सुविधासहित हाँकहरूको आँकलन राम्रो भएमा समाधानका विकल्प कार्यान्वयनमा ल्याउन सजिलो हुन्छ ।

परियोजनाप्रति सेवाग्राहीलाई त्यसबेला विश्वास बढ्छ जब सरकारी कर्मचारी, व्यापारिक नेतृत्वकर्ताहरू र सम्बन्धित जनसमुदायसँगको परामर्श व्यवस्थित हुन्छ । यसको लागि सार्वजनिक परामर्श, व्यापारीसँगको बैठक र राजनीतिक नेतृत्वकर्तासँग वार्ता आवश्यक छ । बजेटमा एउटा अनुसूची थपेर भए पनि पुँजीगत खर्च किन बढाउन परेको हो, स्रोतको उपयोग कसरी गरिने योजना छ, लगानीको तात्त्विक फाइदा के हो र आवश्यक पुँजी कसरी जगेर्ना गरिन्छ सबै कुरा पारदर्शी हुनुपर्दछ ।

अब समष्टिगतरूपमा बजेटमा छुट्याइएको क्षेत्रगत रकम कति प्रभावकारी तथा कुन दक्षताका साथ खर्च गर्न सकिने भयो, यही अनुसूचीमा अनुगमन गर्ने प्रविधिसमेत उल्लेख गर्नु आवश्यक छ । आवश्यक पर्दा प्राविधिक र वित्तीय सहयोग उपलब्ध गराउने गरेका अन्तर्राष्ट्रिय संस्थासँग पनि नजिकको सम्बन्ध राखेर सहकार्य गर्नसके उनीहरूको विश्वास जित्न र आवश्यक पर्दा सहयोग लिन सहज हुने थियो । हाम्रो मुख्य उद्देश्य बजेटप्रति जनविश्वास बढाउनु र जनताले चाँडो कार्यान्वयनको नतिजा अनुभव गर्न पाउन भन्ने नै हो ।

अन्त्यमा अर्थ मन्त्रालयले आगामी वर्षको बजेटमा अर्थतन्त्रको पुनरुत्थान र वित्तीय स्थायित्वबीच सन्तुलन कायम गर्न सक्नुपर्छ । अहिले उत्पादनशील क्षेत्रका नाममा खर्चको सीमा अत्यधिक हुन गएमा मुद्रास्फीति र ऋणको अनुपात बढ्नसक्छ । नतिजा दिने परियोजनामा गरिएको खर्चको प्रभावकारिता कसरी बढाउन सकिन्छ, त्यसमा सरकारको क्षमता अभिवृद्धि आवश्यक छ । परियोजनामा भ्रष्टाचार नियन्त्रण गर्ने प्राविधिक र कानुनी संयन्त्र तर्जुमालाई विशेष स्थान दिनुपर्छ । निजी क्षेत्रसँग सहकार्य गर्न निश्चित परियोजना र क्षेत्रमा कर छुट, अनुदानजस्ता प्रोत्साहन दिइने कार्यलाई पूर्णरूपले नकार्न सकिन्न । लगानीको वातावरण सुदृढ गर्न कानुनी राज्यस्थापना र प्रशासनिक 'रेड टेप' हटाइने प्रावधानसमेत प्रस्टयाउन जरूरी छ । *रासस*

***(लेखक अर्थशास्त्री तथा पूर्वराजदूत हुन्)***

## पत्र-मञ्जुषा

### स्वास्थ्यमा बेथिति : नेता विदेश कुद्छन्, सर्वसाधारण सधैं मारमा

नेपालका नेताहरू सामान्य ग्यास्ट्रिकले च्यापे पनि उपचार गर्न विदेश पुग्छन् । राज्यको ढुकुटीबाट करोडौं रूपैयाँ खर्च गर्छन् । जनताले तिरेको करबाट उनीहरू विदेशी अस्पतालमा गएर उपचार गराउँछन् । तर, त्यही जनता यहाँ उपचार नपाएर छटपटाइरहेको नेताहरूले देख्दैनन् । सरकारी अस्पतालको अवस्था हेरिसाध्य छैन । न डाक्टर छन् न उपचार गर्ने उपकरण । यता, सरकारी अस्पतालकै शुल्क पनि एकदमै महँगो छ । गरिब जनताहरू त्यो 'अफोर्ड' गर्न सक्दैनन् ।

स्वास्थ्य व्यक्तिको आधारभूत हकअधिकारमा पर्छ । यद्यपि, नेपाली नागरिकहरू चर्को शुल्क तिरेर उपचार गराउन बाध्य छन् । पैसा नहुनेहरू रोग च्यापेर बस्न बाध्य छन् । पछिल्लो समय मुलुकमा दीर्घकालीन रोगीहरू निरन्तर बढिरहेका छन् । कलेजो, मृगौला, फोक्सो, मेरुदण्ड, क्यान्सरलगायतका रोग थुप्रैमा देखिन थालेका छन् । अधिकांश महिलाहरू स्तन र पाठेघर क्यान्सरबाट पीडित छन् । यी रोगको उपचार एकदमै महँगो भएकाले कतिपय रोग पालेर बसेका छन् ।

सरकारले यस्ता रोगीहरूलाई निःशुल्क उपचार गर्ने व्यवस्था मिलाउनुपर्ने हो । विडम्बना, नेताहरूले आफ्नो रोग देखे तर नागरिकहरू रोगले तड्पिएको देखेनन् । दीर्घकालीन रोग लागेकाहरूको अन्तिम विकल्प नै मृत्यु बनेको छ । पैसा नभएपछि के गर्ने ? उपचार नपाएपछि मर्नुबाहेक अन्य कुनै विकल्प नै रहँदैन । आर्थिकस्तर अलिक राम्रै भएकाले पनि आफ्नो घरखेत सकाउँछन् तर पनि पुगे त हुन्थ्यो । नेतामात्र होइन सरकारी कर्मचारीले पनि नेपालमै सहुलियतमा उपचार गर्न पाउँछन् ।

सरकारी कर्मचारीका निम्ति सरकारले थुप्रै अस्पताल खोलेको छ । यहाँ उपचार सम्भव भएन भने विदेशमा गएर उपचार गर्ने व्यवस्थासमेत मिलाइएको छ । तर, जनताले यहाँ के पाउँछन् ? कर तिर्ने त आखिरी जनता हुन् नि । त्यही करमा नेतादेखि सरकारी कर्मचारीले मोजमस्ती गरेका छन् अनि मर्नुपर्नेचाँहि सधैं जनता ? सरकारी अस्पताल भनिएको छ तर निजीसरह नै शुल्क लिइन्छ । त्यही माथि डाक्टर, नर्स पनि त्यस्तै छन् । अन्य मुलुकमा जनता ठूलो हुन्छन् ।

नेता र कर्मचारी जनताको सेवक हुन्छन् । तर, हाम्रो मुलुकमा नेता र सरकारी कर्मचारीलाई जनता उपचार नपाएर मरेपनि कुनै मतलब छैन । गरिब जनताहरूको अवस्था न सरकारले देख्यो न सरकारी कर्मचारीले । विश्व २१औं शताब्दीमा दौडिरहेको छ तर नेपालमा उपचार नपाएर पेट्रोल खन्याएर मर्नुपर्ने बाध्यताको अन्त्य अझै पनि हुन सकेको छैन । अस्पताल लैजानसक्ने क्षमता नभएपछि बाबुआमाले आफ्नै छोराछोरीलाई साङलोले बाँधेर राखेका छन् ।

कसैलाई वर्षौंदेखि थुनेर राखिएको छ । कोही उपचार नपाएर मर्ने दिन कुरेर बसेका छन् । पीडा सहन नसकेर कतिपयले विष सेवन गरेर प्राण त्यागेका छन् । सरकारले स्वास्थ्य बिमाको योजना ल्याएको छ । त्यो स्वास्थ्य बिमा कस्ता व्यक्तिका लागि हो ? स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पहिला यो स्पष्ट पारिदिनुपर्‍यो । किनकि बाठाटाठाहरूले बिमा गरेका छन् । गरिब जनतालाई स्वास्थ्य बिमा भनेकै थाहा छैन । फेरि बिमा गर्नलाई पनि पैसा चाहियो ।

सरकारी जागिरेहरूले बिमा गराउँदै आएका छन् । जसलाई सरकारले अस्पतालमासमेत सहुलियत प्रदान गरेको छ । काठमाडौंमा करोडौंको सम्पत्ति भएकाहरूले पनि स्वास्थ्य बिमाबाट फाइदा उठाइरहेका छन् । स्वास्थ्य बिमाको नाममा पनि हुनेखानेलाई पोस्ने काम भइरहेको छ । गरिब जनता यहाँ पनि हेरेको हेर्‍यै भए । सरकारले स्वास्थ्य बिमा गर्दा आर्थिक अवस्था कमजोर भएकालाई प्राथमिकतामा राख्नुपर्थ्यो । किन कि हुनेखानेले आफ्नै खर्चले उपचार गराउन सक्छन् ।

स्वास्थ्य बिमाको योजना कार्यान्वयनमा ल्याएपछि स्वास्थ्य क्षेत्रमा एकदमै बेथिति बढेको छ । अस्पतालहरूले सय जनाको उपचार गराएर हजार जनाको बिल बनाउने गरेका छन् । सरकारसँग पैसा ल्याउँदै खाने काम अस्पतालहरूद्धारा भइरहेको छ । यता, अस्पतालले सरकारबाट आएको औषधिसमेत मेडिकलमा बेचेर पैसा खाने काम गर्दै आएका छन् । बिरामीलाई औषधि सकियो भन्ने अनि सरकारबाट आएको औषधि मेडिकललाई बेच्ने । स्वास्थ्य चौकीमा निःशुल्क उपचार र निःशुल्क औषधिको व्यवस्था सरकारले मिलाएको छ ।

तर, जनताले ती औषधि सित्तैमा पाइरहेका छन् त ? सरकारले कहिले अनुगमन गरेको छ ? जनता औषधि लिन जाँदा सकियो भन्दै खाली हात फर्काउने कर्मचारीले औषधि मेडिकललाई बेच्ने गरेका छन् । अधिकांश सरकारी अस्पतालमा स्वास्थ्यकर्मी भेटिदैनन् । स्वास्थ्य चौकीको हात पनि त्यस्तै छ । जनताले तिरेको करबाट तलब खान्छन् तर कामचाहिँ निजीमा गर्छन् । हाजिर गर्ने अनि कुलेलम ठोक्ने । त्यस्ता स्वास्थ्यकर्मीलाई कसले कारबाही गर्ने ?

***– रामजी श्रेष्ठ, कीर्तिपुर***

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# बागमती सरकारमा थपिए ६ मन्त्री



**मकवानपुर–** बागमती प्रदेश सरकारमा छ नयाँ मन्त्री थपिएका छन् । प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलको सिफारिसमा प्रदेश प्रमुख यादवचन्द्र शर्माले छ नयाँ मन्त्री नियुक्त गरेका हुन् ।

मन्त्री हुनेमा नेपाली कांग्रेसको तर्फबाट उत्तम जोशी, पुकार महर्जन, मसिना खड्का, रामकृष्ण चित्रकार तथा नेकपा एकीकृत समाजवादीको तर्फबाट डा. राजेन्द्रमान श्रेष्ठ र लक्ष्मण लम्साल छन् ।

उत्तम जोशीले स्वास्थ्य, मसिना खड्काले वन तथा वातावरण, पुकार महर्जनले पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयको जिम्मेवारी पाएका छन् । साथै, डा. राजेन्द्रमान श्रेष्ठले कृषि तथा पशुपक्षी विकास, लक्ष्मण लम्साललले श्रम, रोजगार तथा यातायात र रामकृष्ण चित्रकार विनाविभागीय मन्त्री नियुक्त भएका हुन् ।

यसअघि २०७९ पुस २५ मा नेकपा माओवादी केन्द्र बागमती प्रदेशका संसदीय दलका नेता जमकट्टेलले प्रदेशको मुख्यमन्त्री पदमा नियुक्त भएका थिए । तत्कालीन समयमा सरकारमा राष्ट्रिय प्रजातन्त्र पार्टी र नेकपा एमालेमा मन्त्रीहरू पनि सहभागी थिए । तर, राप्रपा र एमाले सरकारबाट बाहिरिएपछि रिक्त पदमा नयाँ मन्त्री नियुक्त गरिएको हो ।

मुख्यमन्त्री जमकट्टेलले गत चैत १० मा विश्वासको मत प्राप्त गरेका थिए । विश्वासको मत प्राप्त गरेलगत्तै गत चैत २६ मा नेपाली कांग्रेसको तर्फबाट बहादुरसिंह लामा आर्थिक मामिला तथा कानुनमन्त्री र तीर्थ लामा ऊर्जा तथा जलस्रोत मन्त्रीमा नियुक्त भएका थिए ।

# खाद्य डिपोमा चामल अभाव

**मुगु–** जिल्लास्थित सोरु गाउँपालिकाको सोरुकोट खाद्य डिपोमा चामल अभाव भएपछि उपभोक्ता मर्कामा परेका छन् । वार्षिक खाद्यान्न कोटा एक हजार ५०० मात्र भएकाले स्थानीयले अनुदानको चामल पाउन सकेका छैनन् ।

'गमगढीस्थित खाद्यव्यवस्था तथा व्यापार लिमिडेटबाट एक ट्र्याक्टर चामल सोरुकोट डिपोमा पुग्नेबित्तिकै स्थानीयले चामल लैजान्छन् । गोदाममा चामल जगेडा रहँदैन, गमगढीबाट आउनेबित्तिकै बिक्री भइहाल्छ,' डिपोका कार्यालय सहायक सिंह रोकायाले भने ।

दिनमा ५० देखि १०० क्विन्टल बिक्री हुँदा गमगढीबाट ढुवानी भएको चामल उपभोक्तालाई पुर्‍याउनै धौधौ हुने गरेको उनको भनाइ छ । 'डिपोमा दुई बोरा चामल लिन आएका स्थानीयले एक बोरासमेत नपाउने अवस्था छ,' रोकायाले भने । आर्थिक अवस्था कमजोर भएका परिवारका घरमा कातिके अन्नबाली चैत, वैशाखमा नै सकिने र गहुँ, जौलगायत बाली नपाक्दासम्म खाने अन्न नभएपछि खाद्यमा चामल किन्न धाउने गरेको उनले बताए ।

सोरुकोट खाद्य डिपोमा वार्षिक कोटा नै कम भएको खाद्यव्यवस्था तथा व्यापार कम्पनी लिमिडेटका प्रमुख पुष्कर भामले बताए । आउँदो आर्थिक वर्षदेखि कोटा वृद्धिको माग गरेको उनको भनाइ थियो । 'अन्न अभावका कारण भिई, नार्थपु, जिमा, सिप, फोतु, नेरलगायत बस्तीका स्थानीय हिजोआज चामल लिन सोरुकोट डिपो पुग्छन्,' भामले भने । उनका अनुसार सोरुका केही बस्तीमा गत असोज १९ देखि २३ मा आएको बाढीपहिरोले अन्नबाली नष्ट गरेको थियो । *रासस*

## हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७४/०९/०२ मा दर्ता भएको **डिजीकल्ट इन्ष्टिच्युट प्रा.लि. (दर्ता नं. १७९९७०)** को मिति २०८०/०२/०७ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।

**लिक्वीडेटर: पुरुषोत्तम अमात्य, इजाजतपत्र नं. ५०१, फोन नं. ९८५१११९७६६**

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**प्रथमपटक प्रकाशित मिति : २०८०/०२/०८**

यस कम्पनीको मिति २०८०/०१/१८ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविक कम्पनी **दृश्य एजुकेशन प्रा.लि., का.म.न.पा २९**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **हेल्प स्टुडेन्ट वर्ल्ड वाईड प्रा.लि., का.म.न.पा २८** (परिवर्तित नाम)कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०१/१८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **हेल्प स्टुडेन्ट वर्ल्ड वाईड प्रा.लि.(प्रा.लि.नं.८४२०१/०७७/०६८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०६१/०४/१८ मा दर्ता भएको **गुम्बेसी बिजनेस प्रा.लि. (दर्ता नं. १०१०९२/०६१/०६२)** को मिति २०८०/०२/०७ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।

**लिक्वीडेटर: पुरुषोत्तम अमात्य, इजाजतपत्र नं. ५०१, फोन नं. ९८५१११९७६६**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७५/११/०९ मा दर्ता भएको **प्रा.लि. नं. १४९८७** को **मन्जु श्री ट्रेड हाउस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०२/०७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MUHAMMAD ABDULLAH IBN ALI AL-GHAMDI FACTORY FOR MARBLE AND STONE

पूर्व स्वीकृति मिति २०८०/०२/०२ | LT. No. 286022 | चलानी नं. ६०२०१५६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1500 | ५२,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packing And Wrapping Worker | 2 | 0 | 1500 | ५२,७६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १५ गते (29th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
